# नेपाली भाषा शिक्षकको पेसागत विकासमा विश्वव्यापीकरण
## (Globalization in Professional Development of Nepali Language Teachers)

लिला अधिकारी[१]

**लेखसार**

प्रस्तुत अनुसन्धान नेपाली भाषा शिक्षकको पेसागत विकासमा विश्वव्यापीकरण शीर्षकमा केन्द्रित रहेको छ । यो लेख गुणात्मक ढाँचामा आधारित छ । यसमा नेपालको ग्रामीण क्षेत्र कालिकोटदेखि सहरी क्षेत्र हुँदै राजधानीलाई लिएर तराईलाई समेत समेटेर अध्ययन गरिएको छ। कालिकोटदेखि तराईसम्मका प्रतिनिधिमूलक चार विद्यालयका चार जना नेपाली भाषा शिक्षकहरूलाई सोद्देश्यमूलक सहभागी छनोट विधिबाट अन्तर्वार्ता लिएको छ। चार जना शिक्षकको अन्तर्वार्ताबाट नेपाली भाषा शिक्षकको पेसागत विकासलाई विश्वव्यापीकरणसँग जोडेर यो अध्ययनलाई अगाडि बढाइएको छ । मानिस, वस्तु, पुँजी, विचार, संस्कृति, श्रम, सिप, सिर्जना, प्रविधि आदि कुनै निश्चित ठाउँ वा क्षेत्रबाट एक अर्को ठाउँसम्म वा विश्वभर नै प्रयोगगत हिसाबले परिचालित हुने प्रक्रिया नै विश्वव्यापीकरण हो । यस अध्ययनलाई दुई साझा थिममा अन्तर्वार्तालाई आगमन पद्धतिसँग जोडेर व्याख्या र विश्लेषण गरिएको छ। नेपाली भाषा शिक्षकको पेसागत विकासमा विश्वव्यापीकरणको प्रयोगलाई विषयवस्तुका आधारमा र शैक्षिक सामग्रीको आधारमा यसको प्रयोगलाई निरूपण गर्नु प्रस्तुत अनुसन्धानात्मक लेखको उद्देश्य रहेको छ। जहाँ जहाँ प्रविधि पुगेको छ त्यहाँ त्यहाँ विद्यार्थीहरूको सक्रियता बढ्नुका साथै नेपाली भाषा शिक्षकले पेसागत विकासमा आफूलाई विश्वव्यापीकरणसँग जोडिएर भाषिक सिपको विकास गरेको निष्कर्ष निकालिएको छ ।

***शब्द कुञ्जीका*** : नेपाली भाषा शिक्षक, पेसागत विकास, विश्वव्यापीकरण, विषयवस्तु, शिक्षण सामग्री

## १. विषयपरिचय

विश्वव्यापीकरणको शाब्दिक अर्थ कुनै पनि व्यक्तिले कुनै एक ठाउँमा सिकेको ज्ञान, सिप, क्षमता, प्रविधि, सूचना आदिलाई तत्कालै विश्वभर पुऱ्याउन सक्छ र विश्वमा भएका सूचनालाई स्थानीय तहसम्म वा शिक्षाको हकमा कक्षाकोठासम्म ल्याइपुऱ्याउन सक्छ भन्ने हुन्छ । यसले आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक क्षेत्रमा मात्रै नभएर शैक्षिक क्षेत्रमा पनि उत्तिकै प्रभाव परेको हुन्छ। यसलाई नेपालीमा भूमण्डलीकरण र अङ्ग्रेजीमा ग्लोबलाइजेसन भनिन्छ। अहिलेको विज्ञान र प्रविधिको विकाससँग यो विश्व नै विश्वव्यापीकरणको रूपमा रुपान्तरण भएको छ। मानिस, वस्तु, पुँजी, विचार, संस्कृति, श्रम, सिप, सिर्जना, प्रविधि आदि कुनै निश्चित ठाउँ वा क्षेत्रबाट एक अर्को ठाउँसम्म वा विश्वभर नै प्रयोगगत हिसाबले परिचालित हुने प्रक्रियालाई नै विश्वव्यापीकरण

१. विद्यावारिधि अध्येता, ग्राजुएट स्कुल अफ एजुकेसन, त्रिवि, कीर्तिपुर, नेपाल, Email: lilyadhikari82@gmail.com
Article history: Received on: Nov. 25, 2024; Accepted on: Dec. 12, 2024; Published on: Jan. 31, 2025
Peer Reviewed under the authority of THE ACADEMIA, journal of NUTAN, central committee, Kathmandu, Nepal, with ISSN 2350-8671 (Print).
Creative Commons Attribution-Non Commercial-No Derivatives 4.0 International License.

भनिन्छ। विश्वव्यापीकरणले हरेक क्षेत्रमा जस्तै शिक्षाका नीति, पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री जस्ता पक्षमा प्रत्यक्ष प्रभाव पार्दछ। शिक्षकले कक्षाकोठामा प्रयोग गर्ने प्रमुख शिक्षण सामग्री पाठ्यक्रम, पाठ्यपुस्तकका स्वरूप विषयवस्तु विद्युतीय प्रविधिबाट विभिन्न मुलुकहरूविचमा साझेदारी गरी व्यवस्थित गर्न यसले मदत गर्दछ। शिक्षकलाई आफ्नो पेसागत विकास गर्न शैक्षिक सामग्रीहरूको महत्त्वपूर्ण माध्यम बनेको प्रविधि मैत्री शिक्षा हो। नेपाली भाषा शिक्षकले शिक्षण गर्दा आफ्नो विषयमा विश्वव्यापीकरणको प्रयोग गर्ने प्रचलन तीब्र गतिमा अगाडि बढेको छ। नेपाली भाषालाई शिक्षण गर्ने व्यक्ति नै भाषा विषय शिक्षण सिकाइ कार्यकलापको मुख्य स्रोत हुन्। शिक्षण सिकाइका माध्यमबाट विद्यार्थीहरूको चौतर्फी विकासका लागि शिक्षकले आफ्नो पेसागत सिपमा दक्षता हासिल गरेको हुनुपर्दछ। "शिक्षक विद्यालय शिक्षा प्रणालीका मेरुदण्ड हुन्, विद्यार्थीको सिकाइ जग निर्माता हुन् र समाजका सचेत वर्ग हुन्" (लम्साल, २०६८, पृ. २५३)। दक्ष शिक्षकले दक्ष विद्यार्थी उत्पादन गर्न सक्छन्। शिक्षकलाई शिक्षकको पेसागत विकासका लागि धेरै तालिम, कार्यशाला गोष्ठी, सेमिनार, शैक्षिक भ्रमण आदिमा सहभागी गराएर, शिक्षण सिकाइका विविध सिपहरूमा अवलोकन वा अध्ययन, अनुसन्धान गर्दै समस्याको समाधानतिर उन्मुख गराउनुपर्छ। शिक्षण पेसामा कौशल हुनुपर्ने, पेसालाई मर्यादित रूपमा अगाडि बढाउन सके जीवनस्तर पनि माथि उठ्ने हुनाले शिक्षक पेसागत रूपमा सक्षम र क्रियाशील हुनुपर्दछ। यी यस्ता कार्यहरू पनि विश्वव्यापीकरणको प्रभावबाट नै भित्र्याउन सफल भएको पाइन्छ।

यस लेखमा नेपाली भाषा शिक्षकहरूले आफ्नो पेसागत उन्नयनका लागि विश्वव्यापीकरणसँग केकस्ता, प्रविधि र सामाग्रीको प्रयोग गरेका छन् भनी खोजी गर्ने प्रयास गरिएको छ। यो शीर्षकसँग नजिक रहेर "विश्वव्यापीकरण र नेपाली भाषा शिक्षण" भन्ने शीर्षक (सन् २०२३) मा हेमा जोशीले र "नेपाली भाषा शिक्षण र विश्वव्यापीकरण" शीर्षक (सन् २०२२) मा मनिषा उपाध्यायले नेपाली भाषा विश्वको कुन कुन देशमा फैलिएको र नेपाली भाषा शिक्षण कहाँ कहाँ विश्वव्यापीकरण भएको छ भनेर अनुसन्धान भएको भेटियो तर नेपाली शिक्षकको पेसागत विकासका लागि विश्वव्यापीकरण भन्ने शीर्षकमा शिक्षकले शिक्षण गर्दा अपनाउने प्रक्रियालाई समेटेर लेखेको आधिकारिक लेख, अनुसन्धान नभेटिएकाले यो अनुसन्धान अगाडि बढाइको छ। यस अनुसन्धानमा विद्यालय तहका चार नेपाली भाषा शिक्षकसँग अन्तर्वार्ता लिएर लेखलाई अगाडि बढाइको छ।

## २. अनुसन्धान उद्देश्य

नेपाली भाषा शिक्षकको पेसागत विकासमा विश्वव्यापीकरणको अवस्थालाई यस अध्ययनमा नेपाली भाषा शिक्षकहरूसँग लिइएको अन्तर्वार्ताबाट शिक्षण क्रियाकलापमा कस्तो प्रयोजन भएको छ भन्ने कोणबाट विश्लेषण गरिएको छ। विशेष गरी नेपाली भाषा शिक्षकको पेसागत विकासमा विश्वव्यापीकरणको प्रयोगलाई विषयवस्तुका आधारमा र शैक्षिक सामग्री प्रयोगको आधारमा निरूपण गर्नु प्रस्तुत अनुसन्धानात्मक लेखको उद्देश्य हो।

## ३. अध्ययन विधि र प्रक्रिया

प्रस्तुत नेपाली भाषा शिक्षकको पेसागत विकासमा विश्वव्यापीकरण शीर्षकको अनुसन्धानात्मक लेख गुणात्मक ढाँचामा आधारित छ। यस अध्ययनले नेपाली भाषा शिक्षकको पेसागत विकासमा विश्वव्यापीकरणलाई अनुसन्धान गर्न सोद्देश्यमूलक सहभागी छनोट विधिको प्रयोग गरी नेपालको ग्रामीण क्षेत्र कर्णाली प्रदेश कालीकोट सरस्वती मा.वि.का नेपाली भाषा शिक्षक (नाम परिवर्तन) 'क' नामकलाई ग्रामीण क्षेत्रको प्रतिनिधित्व हुने

गरी मिति २०८०/११/२५ मा दूरसञ्चारको सहायताले उहाँसँग समय मागेर अन्तर्वार्ता लिइएको छ। प्रस्तुत लेखलाई आधिकारिक बनाउन सबै क्षेत्रलाई समेट्ने प्रयत्न गरिएको छ। सहरी क्षेत्रबाट पोखरालाई नमुना छनोट गरी त्यहाँको सुप्रसिद्ध विद्यालय गण्डकी बोडिङ् स्कुललाई छनोट गरी त्यहाँ माध्यमिक तहमा पढाउने शिक्षक (नाम परिवर्तन) 'ख' नामक शिक्षकलाई मिति २०८०/११/२६ मा भिडियो कलमार्फत अन्तर्वार्ता लिइएको छ। अन्तर्वार्ता लिनुअघि उहाँहरूसँग समय लिनका लागि केही दिन अघिदेखि सम्पर्क गर्दै आइएको थियो।

यस लेखमा तेस्रो प्रतिनिधि सहर राजधानीलाई लिइएको छ। काठमाडौंको किटिनी मा.वि का एक नेपाली भाषा शिक्षक (नाम परिवर्तन ) 'ग' नामकलाई अन्तर्वार्ताका लागि अनुरोध गरिएको छ। उहाँले अनुसन्धानको लागि गरिएको अनुरोधलाई स्वीकारेर आफ्नो अनुकूल समयमा फोन गर्न मिति तोकिदिनु भयो र मिति २०८०/११/२६ गते उहाँको भिडियो कलमार्फत नै अन्तर्वार्ता लिइयो। ग्रामीण, सहरी क्षेत्र अनि राजधानीबाट अन्तर्वार्ता लिइसकेपछि तराईको शिक्षण प्रक्रियालाई पनि जोड्न तराईको प्रतिनिधित्व गर्दै बारा जिल्लाका श्री जनता मा.वि. रामपुर टोकनी बाराका माध्यमिक तहका नेपाली भाषा शिक्षक (नाम परिवर्तन) 'घ'लाई आफ्नो अनुसन्धानको विषयवस्तुबारे स्पष्ट पारियो। यो विषयवस्तुसँग उहाँ अन्तर्वार्ताका लागि राजी हुनुभयो। अनि तराई भेगबाट भोजपुरी मातृभाषी नेपाली शिक्षकलाई नमुनाका रूपमा छनोट गरी अन्तर्वार्ता लिन २०८०/११/२५) मा उहाँलाई भिडियो कल गरेर आवश्यक सूचना लिइयो।

प्रत्येक शिक्षकहरूलाई सर्वप्रथम प्रश्नावली बनाई विद्युतीय सामग्रीबाट लिएको अन्तर्वार्तालाई मोबाइलमा रेकर्ड गरियो। अन्तर्वार्ता लिइसकेपछि रेकर्डलाई कापीमा लिप्यान्तर गरिया। चार जनाको अन्तर्वार्ता लिप्यान्तरण गर्दा चार दिनको ३/३ घण्टाको समय लाग्यो। लिप्यान्तरण गरेको लेखलाई कोडिङ गरियों र कोडिङ गर्दा सहपाठी साथीहरूको सहयोग लिइयो। लिइएका कोडिङलाई दुई ओटा साझा थिममा रुपान्तरण गर्न पनि सहपाठी साथीको मदत लिएर थिम तयार पारियो। तथ्याङ्क सङ्कलनका दुईओटा साझा थिम वा धारणालाई यसरी नामाकरण गरियो :

(क) विषयवस्तुका आधारमा विश्वव्यापीकरण

(ख) शैक्षिक सामग्री प्रयोगमा विश्वव्यापीकरण

यसरी निर्माण गरेर थिमहरूलाई आगमन पद्धतिसँग निकट सम्बन्ध राख्दै व्याख्या विश्लेषण गरिएको छ।

## ४. सैद्धान्तिक आधार

प्रस्तुत अनुसन्धानमा नेपाली भाषा शिक्षकको पेसागत विकासमा विश्वव्यापीकरणले केकति प्रभाव पारेको छ भनी यो अध्ययन अगाडि बढाइएको छ। यस अनुसन्धानलाई विश्वव्यापीकरणको सिद्धान्त र आगमनात्मक पद्धतिलाई साथै यसभन्दा अगाडि गरिएका अनुसन्धानलाई आधार मानेर सैद्धान्तिक आधार तयार पारिएको छ। नेपाली भाषा नेपालको ठुलो बोलीचालीको भाषा, राष्ट्रभाषा, सरकारी कामकाजको भाषा, सूचना सञ्चारको भाषा र पठनपाठनको माध्यम भाषा हो। नेपाली भाषा नेपालको विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म शिक्षण गरिँदै आएको छ। यो भाषालाई शिक्षण गर्ने शिक्षकले अहिलेको परिवर्तित समयसापेक्ष भएर आफ्नो पेसागत विकासका लागि विश्वव्यापीकरणसँग जोडिनुपर्ने वर्तमान आवश्यकता हो। विश्वव्यापीकरण निश्चित ठाउँ र देशको सीमाना नाघेर विश्वभर फैलिने प्रक्रिया हो। *नेपाली किताब* (२०७४) का अनुसार

"विश्वव्यापीकरणकै कारण अहिले संसारभरिका मानिसले सूचना र प्रविधिको लाभ लिन पाएका छन् । सूचना र प्रविधिको विश्वव्यापीकरणले गर्दा संसारभरिका घटना, ठाउँ, जाति, संस्कृतिहरूबारे थाहा पाउन सकिएको छ। साथै इमेल, इहेल्थ, इलाइब्रेरी, इलर्निङ, इमार्केटिङ जस्ता सुविधाहरू पाइएको छ" (कक्षा १०, पृ. ९०) । नेपाली शिक्षकले आफ्नो शिक्षणमा सूचना र प्रविधिको माध्यमद्वारा विषयवस्तु र शिक्षण सामग्रीलाई प्रयोग गरेर नेपाली भाषालाई विश्वव्यापीकरण बनाउन सक्छन् । अन्य विकसित मुलुकमा भाषा शिक्षकले भाषालाई प्रभावकारी शिक्षण गर्न केकस्ता विधि र सामग्री उपयोग गर्छन् भनेर खोजी गर्न पनि अहिलेको सूचना प्रविधिले सघाउ पुऱ्याउँछ । आफ्नो पेसालाई विकसित गर्न शिक्षक आधुनिक प्रविधिको प्रयोगमा सचेत हुनुपर्छ ।

आधुनिक प्रविधिले शिक्षण पेसालाई सहज बनाएको छ । अहिले शिक्षण पेसामा आगमनात्मक पद्धतिको प्रयोग बढ्दै गएको छ। "प्रयोग र उदाहरणपछि नियमहरू सुझबुझका माध्यमले आफसेआफ आउने भएकैले आगमन भनिएको हो" (शर्मा र पौडेल, २०७३, पृ. ५१) । आगमन पद्धतिलाई व्यवहारवादी मनोविज्ञानले पनि यसको सैद्धान्तिक पृष्ठभूमि निर्माण गर्ने आधारभूत भूमिका खेलेको पाइन्छ। यस पद्धतिले संरचनावादी वा क्षेत्रीय पद्धतिवादी भाषा विज्ञानहरूले निर्देश गरे अनुसारका भाषिक संरचनाहरूको प्रयोग र अभ्यास गर्ने प्रक्रियाहरू अपनाई भाषा शिक्षण गर्न प्रोत्साहित गर्छ। त्यस्तै व्यवहारवादी मनोविज्ञानले निर्देश गरेअनुसारका सिकाइ नियम वा सूत्र र बालमनोविज्ञानका अवधारणाहरू आत्मसात् गरेर शिक्षण गर्न जोड दिन्छ (शर्मा र पौडेल, २०७३, पृ. ५१) । नेपाली भाषामा पनि कक्षाकोठामा जडान गरिएको प्रोजेक्टरबाट विषयवस्तुसँग मेल खाने अनेकौं चित्र, भिडियो, अडियोद्वारा श्रव्यदृश्य सामग्रीका रूपमा उपयोग भएको पाइन्छ। आगमन पद्धतिलाई यस लेखमा शैक्षिक सामग्रीको प्रयोगले समेटेर शिक्षकको पेसागत विकास गरेको छ र शिक्षालाई विश्वव्यापीकरणसँग जोडेको छ ।

नेपाली भाषा नेपालको प्रमुख भाषा हो । विद्यालयमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूले आफ्नो पेसागत विकासका लागि नयाँ प्रविधिसँग परिचित भई विद्यार्थीहरूलाई विश्वव्यापीकरणमा जोड दिनुपर्ने समय आएको छ । जोशी (सन् २०२३) मा "विश्वव्यापीकरण र नेपाली भाषा शिक्षण" शीर्षकमा नेपाली भाषा विदेशको कुन कुन ठाउँमा कसरी प्रयोग भएको छ भन्ने विषयमा अध्ययन गरिएको छ । उनका अनुसार "आधुनिक प्रविधिको विकास, अनलाइनको व्यापकता, पत्रपत्रिका तथा अन्य सञ्चारको विस्तारले नेपाली भाषाले विश्वव्यापीकरणमा पाइला अघि बढाइरहेको छ" (पृ. २९) । यस अनुसन्धानमा नेपाली भाषाको विकास र विस्तारको कुरालाई जोड दिइएको छ । नेपाली भाषाको विकास, विस्तार र सहजीकरणका लागि प्रविधिले मदत गरेको छ । यसमा नेपाली भाषाका शिक्षकले आफ्नो विषयवस्तुलाई कुन कुन प्रविधि र केकस्ता तरिका अपनाउँदा यो भाषामा विद्यार्थीलाई प्रभावित पार्न सकिन्छ र भाषालाई अन्तर्राष्ट्रिय रूपमा अगाडि बढाउन सकिन्छ भनेर गहन अध्ययनका साथ प्रयोगमा विशेष किसिमको भूमिकामा शिक्षक रहनुपर्ने समय देखिन्छ। भाषिक सिपका लागि शिक्षण सामग्री खोजी गर्न स्वयम् विद्यार्थीलाई नै खोजेर आफूले भेटेको सबै कुरा लेखेर ल्याउने गृहकार्य दिएमा पनि विद्यार्थी विश्वव्यापीकरणसँग नजिक रहन पुग्छन् र जानकारी पनि प्राप्त गर्छन् अनि आगमनात्मक पद्धतिलाई अवलम्बन गर्दै विश्वव्यापीकरणमा पुग्छन् । *राष्ट्रिय पाठ्यक्रम प्रारूप* (२०७६) अनुसार "विश्वव्यापीकरणलाई आत्मसात् गर्न र विज्ञान तथा प्रविधिबाट उत्पन्न चुनौतीको सामना गर्न लागि सक्षम नागरिक तयार पार्न यसको प्रभावकारिता रहने यथार्थलाई नेपालको आवधिक योजनामा समेत विशेष स्थान दिइएको छ" (पृ. १२) । नेपाली नागरिकहरूले प्राप्त गर्ने शिक्षाको स्तर अन्तर्राष्ट्रिय परिवेशअनुसारको हुन सकेन भने नेपालका लागि विश्वव्यापीकरणका अवसर

र सम्भावनाहरू न्यून हुने देखिन्छन्। त्यसैले भाषा, साहित्य, सञ्चारलाई विश्वमा पुऱ्याउन र विश्वमा भएका गतिविधि हाम्रा कक्षाकोठासम्म ल्याइपुऱ्याउन विश्वव्यापीकरणको ठुलो महत्त्व रहन्छ।

विश्वव्यापीकरणबाट प्राप्त सुविधालाई आफ्नो परिवेश र आवश्यकताअनुकूल प्रयोग गरेर नेपाली भाषा शिक्षकले आफ्नो पेसागत विकास गर्नुपर्ने देखिन्छ। नेपाली भाषाको गुणस्तर विकासका लागि शैक्षिक सुधार गर्न परम्परागत पद्धतिलाई परिमार्जन गरेर आधुनिकतातिर अघि बढ्नुपर्छ। उपाध्याय (सन् २०२२) मा "नेपाली भाषा शिक्षण र विश्वव्यापीकरण" शीर्षकमा नेपाली भाषाको उत्पत्ति, नेपाली भाषाको प्रयोगक्षेत्र, विश्वव्यापीकरण र नेपाली भाषा शिक्षणमा सैद्धान्तिक अनुसन्धान गरिएको छ। यस अनुसन्धानमा विश्वव्यापीकरणमा नेपाली डायस्पोरा साहित्यलाई लिइएको छ भने नेपाली भाषा शिक्षण कहाँ कहाँ भएको छ भन्ने कुरा समेटिएको छ। उनका अनुसार "विश्वव्यापी ज्ञान र सिपलाई कक्षाकोठामा प्रयोग गर्ने सिपहरू नै विश्वव्यापीकरणका सिपहरू हुन्। नेपाली भाषाका सन्दर्भमा नेपाली भाषाको शिक्षण नेपालमा मात्रै नभएर विश्वका विभिन्न स्थानमा फैलिनुलाई नेपाली भाषाको विश्वव्यापीकरण भनिन्छ।" अहिले विश्वका विभिन्न ठाउँमा नेपाली भाषाले स्थान पाएको छ। साहित्यमा डायस्पोरा लेखनले नेपाली भाषाको विकास र विस्तार गरेको कुरालाई पनि विश्वव्यापीकरणसँग जोडेर हेर्न सकिन्छ। विज्ञान र प्रविधिको विकाससँगै नेपाली भाषाको व्यापकता बढेर गएको छ। इन्टरनेट तथा आधुनिक प्रविधिबाट विश्वका कुना कुनासम्म बसेका नेपाली प्रयोगकर्ताका लागि सम्पर्क र सम्प्रेषण सम्भव हुँदै गएको छ। पौडेल र भट्टराई (२०७७) का अनुसार "कतिपय विदेशीहरूले नेपालको भौगोलिक , सामाजिक, सांस्कृतिक अवस्थालाई अध्ययन, अनुसन्धान तथा खोज गर्ने उद्देश्यले नेपाली भाषाप्रति आकृष्ट हुँदै जानु पनि नेपाली भाषाको विश्वव्यापीकृत बन्दै जानु हो" (पृ .२७) भनेका छन्। नेपाली भाषाको विस्तारको क्रममा विदेशमा स्थायी बसोबास गर्ने नेपालीले भारत, बेलायत , अमेरिका र स्पेनमा समेत नेपाली पठनपाठन हुँदै आएको छ। जोशी (२०२३) का अनुसार "स्पेनमा रहेका नेपाली बालबालिकालाई नेपाली भाषा र परम्परा भुल्न नदिन नेपाली पाठशाला नामक निःशुल्क कार्यक्रम सञ्चालनमा ल्याइएको छ। अमेरिकामा नेपाल सहयोगी समाजले प्रकाशन गरेको (*मेरो मातृभाषा नेपाली*) किताबका आधारभूत, मध्यम र उच्च गरी तीन तहका किताबहरू अध्ययन हुँदै आएको छ" (पृ. ३१)। यसरी नेपाली भाषा विश्वभर फैलिनु पनि विश्वव्यापीकरण हो।

नेपाली भाषाको विस्तारको र विकासका लागि केकस्ता कार्य भएका छन् भन्ने लेख र अनुसन्धानहरू भेटिएका तथ्य उपर्युक्त अनुसन्धाताका भनाइबाट प्रस्ट हुन्छ। यिनै सिद्धान्तमा पाइला राखेर आगमन पद्धतिको समावेश गर्दै सैद्धान्तिक आधार तयार पारिएको छ। प्रस्तुत लेख नेपाली भाषा शिक्षकले शिक्षण पेसालाई विकास गर्न कसरी विश्वव्यापीकरणसँग नजिक रहेर केकस्ता सामग्री प्रयोग गर्छन् भनी विषयवस्तु र शिक्षण सामग्रीको आधारमा चार जना शिक्षकसँगको अन्तर्वार्ताबाट निकालिएका तथ्यलाई दुई ओटा साझा थिममा व्याख्या र विश्लेषण गरिएको छ।

## ५. व्याख्या र विश्लेषण

यस अध्ययनमा नेपालका विभिन्न ठाउँका विद्यालय तहका (माध्यमिक) नेपाली भाषा शिक्षकसँग गरिएको अन्तर्वार्ता लिएर उनीहरूको प्रयोगलाई यहाँ उल्लेख गरिएको छ। प्रस्तुत अध्ययनमा नेपाली भाषा शिक्षकले पेसागत विकासका लागि विश्वव्यापीकरण शीर्षकलाई प्रश्नावली बनाएर अन्तर्वार्ताबाट तयार पारिएको भनाइलाई लिप्यान्तरण गरेर कोडिङ गरी आएका ती कोडलाई दुई ओटा थिममा प्रस्तुत गरिएको छ :

### ५.१ विषयवस्तुका आधारमा विश्वव्यापीकरण

शिक्षण पेसा आफैंमा संवेदनशील हुन्छ। बालबालिकाको भविष्य निर्माणको बलियो आधार नै शिक्षा हो। शिक्षा कस्तो हुनुपर्छ, कस्तो शिक्षानीति तयार पार्नुपर्छ र कसरी नीतिलाई योजनाबद्ध तरिकाले प्रयोग गर्नुपर्छ भन्ने मूल चासोको विषय हो। यसका लागि व्यक्तिदेखि राज्यतहसम्मका सबैको ध्यानाकर्षण हुनुपर्छ। "बालबालिकाहरूको रुचि, प्रवृत्ति, क्षमता, भाषिक पृष्ठभूमि, सिकाइ आवश्यकता, उमेर र मानसिक तथा बौद्धिक क्षमताअनुकूलका पाठ्यवस्तु वा विषयवस्तु तयार पारिनु आजको आवश्यकता हो" (पौडेल, २०६९, पृ. ३०२)। नेपाली विषयमा पाठ्यवस्तु वा विषयवस्तु भन्नाले कथा, कविता, उपन्यास, निबन्ध, प्रबन्ध, जीवनी, रूपक (वादविवाद, मनोवाद, संवाद, एकाङ्की, नाटक, चिठी, निवेदन, दैनिकी, प्रतिवेदन, टिप्पणी आदिलाई बुझाउँछ। शैक्षणिक गुणस्तर वृद्धि गर्न अबका दिनमा पाठ्यक्रम र पाठ्यपुस्तकमा मात्रै केन्द्रित हुने दिन फेरिएर विश्वव्यापीकरणको समय भएकाले शिक्षकले पेसागत सुधार र विकास गर्न आधुनिक क्रियाकलापसँग परिचित हुनुपर्ने अवस्था आएको छ। पाठ्यपुस्तकमा भएका विषयवस्तुलाई विद्यार्थी समक्ष पस्किनु अघि शिक्षक त्यो विषयमा जानकार भइसक्नुपर्छ।

पाठ्यपुस्तकभित्र रहेका हरेक विधाका पाठहरू र त्यसमा समावेश भएका अभ्यासहरू नै विषयवस्तु हुन्। त्यसका लागि आवश्यक शिक्षण सामग्री जुटाएर शिक्षक बल्ल कक्षामा प्रवेश गरेका हुन्छ। यस्तै विषयमा कर्णालीका 'क' नामक शिक्षकले आफूले पढाउने (कस्तो भाषा) भाषाको विषयलाई आजको समयसँग नजिक रहन गरेका कार्य यसरी बताउँछन् :

> हिजोआज भाषाको प्रयोगमा एकरूपता हराउँदै गएको छ। नेपाली भाषामा बोलाइ होस् वा लेखाइ दुबैमा अन्य भाषाको प्रभाव परेको प्रस्ट पाइन्छ। विद्यार्थीहरू नेपालीका कठिन शब्दलाई अङ्ग्रेजीमा अर्थ लगाइदिए हुन्थ्यो भन्ने अपेक्षा गर्छन् तर म शब्दकोशको सहायताले नेपालीका अनेकार्थी शब्दको प्रयोग गर्छु, त्यतिले बुझेनन् भने खस भाषिकामा बताइदिन्छु र वाक्य बनाएर बुझाउने प्रयत्न गर्छु तर अङ्ग्रेजीमा भन्दिनँ। भाषाको आधुनिकीकरणका नाममा नेपाली भाषालाई न्यूनीकरण हुन दिनुहुँदैन भन्ने मान्यता राख्छु म। (अन्तर्वार्ता, २०८०/११/२५)

नेपाली भाषालाई कठिन बनाउने हाम्रै मानसिकता र आवश्यकता हो। भाषा राष्ट्रिय चिनारी हो, सम्पत्ति हो भनेर चिनाउन नेपाली भाषालाई देश र स्वाभिमानसँग जोडेर शिक्षण गर्दा प्रभावकारी हुने कुराका साथै अन्य विदेशी भाषाका सहायताले नेपाली भाषा पढाइनुहुन्न भन्ने उनको भनाइबाट बुझ्न सकिन्छ। नेपाली भाषाका शब्दहरू प्रर्याप्त छन् त्यतिले नपुगे शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने कुरा निकै सान्दर्भिक छ। त्यस्तै गरी पोखराकी शिक्षक 'ख' नामकले भाषा प्रयोग सम्बन्धमा यस्तो भनेकी छन् :

> म कक्षामा नेपाली नै बोल्छु र नेपाली भाषालाई जोड दिन्छु। मैले पढाउने कक्षा बहुभाषिक हुनाले कुनैकुनै शब्दले अप्ठ्यारो पार्दा बुझाउनै पर्ने अवस्थाबाहेक म अङ्ग्रेजी शब्दले बुझाउने प्रयास गर्दिनँ। भएसम्म चित्र देखाएर शब्द चिनाउँछु। कतिपय शब्द आगन्तुक बनेर भित्रिने हुनाले प्रयोग गर्नुपर्ने हुन्छ। सिकाइ प्रक्रिया, प्रयोजन र प्रयोग हो। जति प्रयोग गऱ्यो त्यति परिचित हुँदै गइन्छ। (अन्तर्वार्ता, २०८०/२१/२६)

उनको भनाइमा नेपाली भाषालाई जोड दिइने तर चित्रद्वारा देखाइने यति गर्दा पनि नचिनेको अवस्थामा मात्रै अङ्ग्रेजीमा शब्दको प्रयोग गर्ने आशय बुझिन्छ। भाषा प्रयोजन र प्रयोग हो जति प्रयोग गऱ्यो उति नै परिचित भइने कुरा निकै मननयोग्य छ। कतिपय स्कुलमा नेपाली घण्टीबाहेक अरू विषयमा नेपाली बोल्न बन्देज लगाएको पाइन्छ। यस्तो हुँदा नेपाली भाषा छायामा परेको जस्तो हुन्छ। यसै विषयमा काठमाडौंकी शिक्षक 'ग' ले भनेकी छन्– "म नेपाली भाषा पढाउँदा कठिन लागेका शब्दलाई अङ्ग्रेजीमा उल्था गरेर बुझाइदिन्छु। समयअनुसार चल्नुपर्ने हुनाले जसरी बुझ्छन् त्यसरी बुझाएर उनीहरूलाई प्रस्ट पारिदिन्छु" (अन्तर्वार्ता, २०८०/११/२६)। यहाँ भाषा शिक्षक समयसापेक्ष हुनुपर्छ भन्ने उनको भनाइ पाइन्छ। त्यसतै गरी तराईका 'घ' नामक शिक्षकले भनेका छन्– "म नेपाली पढाउँछु। पढाउने क्रममा नबुझे म भोजपुरी भाषामा बोलेर बुझाइदिन्छु अनि बुझ्छन्। नबुझ्नुभन्दा बुझेर ज्ञान लिनु राम्रो हो जस्तो लाग्छ" (अन्तर्वार्ता, २०८०/११/२५)। यहाँ भिन्न मत आएका छन्। कोही भाषालाई जोगाउन खोज्दै गरेको र कोही समयानुकूल परिवर्तन हुन खोजेको देखिन्छ। भाषाको संरक्षणका लागि आफ्नै भाषाको प्रयोग गरेमा भाषाको विकास हुँदै जान्छ।

विषयवस्तु शिक्षण गर्दा भाषासँगसँगै विषयवस्तु र व्याकरणलाई व्यवस्थित तरिकाले अगाडि बढाउन प्रसङ्गमा 'क' शिक्षकले भनेका छन् :

> पाठ्यपुस्तकमा भएका पाठलाई दैनिक पाठयोजना बनाउने, विशिष्टीकरण तालिकाको प्रयोग गर्ने, वर्षभरिका लागि वार्षिक कार्ययोजना बानाउने, मूल्याङ्कन आन्तरिक र बाह्य गर्ने साथै विषयवस्तुअनुसार मोबाइलबाट कविता सुनाउने, ल्यापटप वा प्रोजेक्टरबाट भिडियो देखाउने, जीवनीका वृत्तचित्रहरू प्रदर्शन गर्ने आदि कार्य गरिन्छ। (अन्तर्वार्ता २०८०/ ११/२५)

कालीकोटमा रहेर पनि आधुनिक प्रविधिसँग नजिक भएर शिक्षण गर्नु विश्वव्यापीकरणको गतिलो प्रभाव परेको देखिन्छ। त्यस्तै, 'ख' नामक शिक्षकले भनेका छन् :

> मैले दैनिक प्रयोगका सामग्रीबाहेक विषयवस्तुअनुसारको श्रव्यदृश्य सामग्री प्रयोग गर्छु। स्लाइड बनाएर, वाक्यपत्ति बनाएर, धारणा नबस्ने शब्दलाई चित्रमार्फत प्रदर्शन गरेर, भाषिक अभिवृद्धिका लागि अन्त्याक्षरी गराएर, कविताको गति यति र लय मोबाइलबाट सुनाउने, कथालाई सस्वरवाचन गराएर, प्रोजेक्टरबाट सुनाएर विषयवस्तुलाई सुसङ्गठित पार्ने गर्छु। (अन्तर्वार्ता, २०८०/११/२६)

उनको भनाइबाट के प्रस्ट हुन्छ भने अब पाठ्यपुस्तकको मात्रै भर परेर शिक्षण हुँदैन किनभने आगमन पद्धति अपनाएर अगाडि बढे विश्वसामु पुग्न सकिन्छ। त्यस्तै, 'ग' नामक शिक्षकको भनाइ यस्तो छ– "म नेपाली शिक्षक मात्रै नभएर आइसिटीको प्रशिक्षक पनि हुँ। हाम्रा प्रत्येक कक्षामा प्रोजेक्टर छन्। कुनै पनि विषयवस्तु खोज्न गाह्रो छैन। कार्यक्रम गर्न होस् वा परियोजनाकार्य गर्न होस् सूचना प्रविधिको प्रयोग गरिन्छ" (अन्तर्वार्ता, २०८०/११/२६)। प्रत्येक कक्षामा प्रोजेक्टर हुनु अति राम्रो पक्ष हो तर नेपालमा सबै ठाउँमा पुग्न सकेको छैन। उनको भनाइबाट वर्तमान शिक्षा विश्वव्यापीकरणतिर उन्मुख भएको पाइन्छ। त्यस्तै, 'घ' नामक शिक्षकको भनाइ यस्तो छ :

> म स्थानीय सामग्री प्रयोग गरेर शिक्षण गर्छु। हाम्रोमा आधुनिक प्रविधिका सामग्री निकै कम छन् तर आफ्नै मोबाइलमा शब्दकोश राखेको छु, विशिष्टीकरण तालिका प्रयोग गर्छु, जीवनीको फोटो धुलाइ गर्छु शब्दपत्ती बनाएर प्रदर्शन पाटीमा राखिदिन्छु। विद्यार्थीलाई मिलेसम्म शैक्षिक सामग्री स्थानीय तहबाट ल्याउन लगाउँछु। घरमा नेट भए खोजी गर्नुपर्ने कुरा खोजेर ल्याऊ भन्छु। (अन्तर्वार्ता, २०८०/११/२५)

यहाँ भौगोलिक अवस्थाले शिक्षामा पारेको सिधा असर देखा पर्छ। दोस्रो भाषका रूपमा नेपाली शिक्षण गरि नुपर्दाको कारण साधन र स्रोतको कमी भएको पाइन्छ।

अहिले विश्व एउटै सानो कम्प्युटर र मोबाइलभित्र अटेको छ। प्रविधिले संसारभरका सम्पूर्ण विषयवस्तुलाई एकै छिनमा जोडेर सूचना वा जानकारी प्रदान गर्दछ। विश्वमा भाषा विषय शिक्षण गर्दा केकस्ता सामग्री प्रयोग गर्छन् भनेर खोजी कार्य गर्नुपर्दा अहिलेको गुगल, युट्युब वा अनलाइनका अनेकौँ माध्यमबाट शिक्षकले आफूलाई समयसापेक्ष बनाउन सक्छन्। विषयवस्तु र अभ्यासात्मक क्रियाकलापलाई अहिलेको विश्वव्यापीकरणसँग कसरी जोड्न सकिन्छ भन्ने प्रसङ्गमा 'क' नामक शिक्षकको धारणा यस्तो रहेको छ :

> भाषिक सिपको विकासका लागि मैले उपलब्ध भएसम्म प्राविधिक सहयोग लिन्छु साथै विद्यार्थी केन्द्रित विधिलाई अँगालेर कक्षामा विद्यार्थीहरूलाई सस्वरपठन गराउँदै सामूहिक कार्य गर्न लगाउँछु। पुस्तकालयमा अध्ययन गरेर, घरमा नेटबाट खोजेर वा आफूभन्दा सक्षम व्यक्तिसँग सोधखोज गरेर, स्थानीय सामग्री प्रयोग गरेर परियोजना कार्य गर्न लगाएर अभ्यासात्मक क्रियाकलाप गराउँछु। विद्यार्थीबाट आउन नसकेको उत्तर म स्वयम् सिकाउँछु अनि लेखिदिन्छु। (अन्तर्वार्ता २०८०/११/२५)

विषयवस्तुलाई ग्रहण गर्न सुनाइले मात्रै काम गर्दैन यसलाई प्रयोगमा ल्याउनुपर्ने र विद्यार्थी आफैं सक्रिय भएमा सिकाइ दीर्घकालीन हुन्छ त्यसैले शिक्षकले चर्को बोलेर कक्षा शान्त पार्दैमा शिक्षण प्रभावकारी हुन्छ भन्ने हुँदैन। यसै विषयमा 'ख' शिक्षकले भनेकी छन् :

> अहिलेको समयमा विद्यार्थीको मनोभावना बुझेर शिक्षण गर्नुपर्छ। त्यसैले एउटै माध्यमबाट शिक्षण सफल हुँदैन। मैले पाठ्यवस्तुअनुसारको सामग्री प्रयोगमा जोड दिँदै अभ्यासात्मक क्रियाकलापका लागि कक्षाको तहअनुसार श्रुतिलेखन, अनुलेखन, एक अर्काको लेखनलाई कक्षामा प्रस्तुत गर्न लगाउँछु अनि विद्यार्थीका क्रियाकलाप सकेपछि आफूले स्लाइड प्रदर्शन गरेर अभ्यासात्मक क्रियाकलाप गराउँछु। कक्षाकोठामा मल्टिमिडिया प्रयोग गर्न सकिने हुनाले कक्षामा सबै विद्यार्थीका अगाडि खोजेर देखाउँछु अनि घरमा पनि खोजेर लेख्न लगाउँछु अन्तर्वार्ता। (अन्तर्वार्ता, २०८०/११/२६)

वर्तमान समयमा दूरसञ्चार नेपालको सबै ठाउँमा उपलब्ध हुनाले इच्छुक शिक्षकले आफ्नो पेसाको विकासका लागि आधुनिक प्रविधिमैत्री भएर शिक्षण गरेको पाइन्छ। यसै विषयमा 'ग' शिक्षकले भनिन् :

> म कक्षामा प्रायः शैक्षिक सामग्री केही न केही लिएर उपस्थित हुन्छु जसका कारण विद्यार्थी उत्साहित हुन्छन्। विद्यार्थीको सिर्जनात्मक क्षमताको विकासका लागि पहिला उनीहरूलाई लेख्न लगाउँछु, नजाने विद्युतीय सामग्रीद्वारा खोज्न लगाउँछु , साथीहरूबिचमा छलफल गरेर लेख्न लगाउँछु त्यति गरिसकेपछि आफ्नो उत्तर बताइदिन्छु कठिन भए लेखाइदिन्छु। थप कार्य दिएर परियोजनाकार्यका रूपमा खोजेर ल्याउन पनि दिन्छु। (अन्तर्वार्ता २०८०)/११/२६)

अहिलेका बहुभाषिक कक्षामा पनि मल्टिमिडियाको प्रयोग गर्नाले विद्यार्थी सिकाइमा सक्षमता आएको छ। त्यस्तै, 'घ' शिक्षकले यसै प्रसङ्गमा भनिन् :

> मैले जसरी जीवनी पढाउँदा वृत्तचित्र, चलचित्र, फोटो, कार्यतालिका आदिलाई देखाउँछु अनि कवितालाई मोबाइलमा रेकर्ड गरेर सुनाउँछु त्यस्तै अभ्यासात्मक कार्यका लागि पनि ल्यापटप कक्षामा लगेर नेटवर्कको

> सहयोगबाट त्यहाँ भएका क्रियाकलाप गराउँछु जस्तै शब्दभण्डारमा पर्यायवाची र अनेकार्थी शब्द खोज्नुपरे म मेरो मोबाइलमा डाउनलोड गरेको शब्दकोश प्रयोग गर्छु अनि सिर्जनात्मक अभ्यासलाई घरबाट नेटमा गएर खोजी गरेर ल्याउन भनिदिन्छु। (अन्तर्वार्ता, २०८०/११/२५)

यसरी चार जनाको शिक्षण क्रियाकलापको मूल्याङ्कन गर्दा एउटै तरिका नभए पनि सबैले विश्वव्यापीकरणलाई शिक्षणमा जोड्ने गरेको देखिन्छ।

### ५.२. शैक्षिक सामग्रीमा विश्वव्यापीकरण

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी, व्यवहारिक र उपयोगी साथै उद्देश्यमूलक बनाउन शैक्षिक सामग्रीको प्रयोग गरिन्छ। "पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू पूरा गर्न, शिक्षण क्रियाकलापलाई रोचक, सहज, सरल, प्रभावकारी बनाउन, सिकाइलाई उद्देश्यमूलक बनाउन कक्षाकोठाभित्र प्रयोगमा आउने सम्पूर्ण साधन र सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ" (जोशी, सन् २०२३)। विद्यार्थीहरूको ज्ञान र बोध तहलाई उच्चस्तरको बनाउन कक्षामा विभिन्न सामग्री प्रयोग गरिन्छ। नेपाली विषयमा शिक्षण सामग्रीहरूको प्रयोग समयानुकूल परिवर्तन हुँदै आएका छन्। हालको समयमा अत्याधुनिक शैक्षिक सामग्री शिक्षकले विश्वव्यापीकरणबाट प्राप्त सुविधालाई आफ्नो परिवेश र आवश्यकताअनुकूल प्रयोग गर्दछन्। सिकाइलाई चिरस्थायी बनाउन, भाषिक सिपको विकास गराउन, विद्यार्थीलाई आधुनिक सामग्रीसँग परिचित गराउन र पाठ्यक्रमको उद्देश्य पूरा गर्न शैक्षिक सामग्रीको प्रयोग गरिन्छ। नेपाली भाषा शिक्षकको पेसागत विकासका लागि विश्वव्यापीकरणसँग के कस्ता सामग्रीको प्रयोग भएका छन् भनी अनुसन्धान गर्ने क्रमका 'क' नामक शिक्षकको भनाइ यस्तो रहेको छ :

> आजको एक्काइसौं शताब्दीमा पुरानो व्याख्यान विधिलाई मात्रै सर्वस्वीकार्य हुन सक्दैन त्यसैले समयसापेक्ष भएर मैले विषयवस्तुअनुसार दृश्य, श्रव्य, श्रव्यदृश्य र स्पर्श सामग्रीहरूको प्रयोग गर्दै आएको छु। दैनिक प्रयोगका सामग्रीहरू जस्तै, कालोपाटी/श्वेतपाटी, मार्कर, डस्टर, पाठ्यपुस्तकका अलवा विधागत रूपमामा ग्रिडको प्रयोग गर्दै , गद्य र पद्य विधाका पाठहरूमा फरक फरक सामग्री प्रयोग गर्दै आएको छु। हाम्रो देशमा सबै ठाउँमा नेटवर्क सुविधा एकैनाशको नभएका कारण जानेजति सामग्री प्रयोग गर्न कहिलेकाहीँ असमर्थ पनि भएको छु। जे होस् मैले स्थानीय सामग्रीका साथसाथै आफ्नो पेसालाई विश्वव्यापीकरणसँग जोड्न मोबाइलमा शब्दकोश राखेको छु, ल्यापटपमा स्लाइड बनाएर प्रोजेक्टरमार्फत देखाएको छु, जीवनी र कथालाई पाएभेटेसम्म भिडियोहरू देखाउँदै आएको छु, शैक्षिक प्रशिक्षकका शिक्षणसम्बन्धी भिडियोहरू, टिपिटिका अनलाइन तालिमका भिडियोहरू पनि देखाउँछु र उनीहरूलाई पनि विश्वव्यापीकरणसँग जोडिन प्रेरित गर्छु। (अन्तर्वार्ता, २०८०/११/२५)

यस अध्ययनमा प्रस्तुत शिक्षकले आफ्नो वास्तविकता यसरी प्रस्ट्याउँदा अहिले नेपाली भाषा शिक्षकहरू आफ्नो पेसामा सचेत हुनुका साथै भाषालाई जीवन्त तुल्याउन समय र स्थानअनुसार शिक्षण पेसालाई मर्यादित र विश्वव्यापीकरणसँग सुपरिचित भएको पाइन्छ।

शिक्षण सामग्रीको प्रयोग वास्तवमा शिक्षक, विद्यार्थी दुवैले मिलेर बनाउँदा विद्यार्थीहरूमा पढाइप्रतिको जोस, जाँगर र उत्साह बढेर जान्छ। शिक्षण सिकाइ क्रियाकलापलाई आगमन पद्धतिको अवलम्बन गर्दै विद्यार्थी केन्द्रित भएर शिक्षण गर्दा विश्वमा भएका नवीन पद्धतिको पनि संयोजन हुँदै जान्छ र विद्यार्थीहरू आधुनिक युगसँगै

नजिकँदै विश्वव्यापीकरणमा जोडिँदै जान्छन् । यस्तै गरी शैक्षिक सामग्रीको प्रयोगका सन्दर्भमा ‘ख’ नामक शिक्षक भनाइ यस्तो छ ः

> शैक्षिक सामग्रीको प्रयोगबाट सिकाइ सरल, सहज, प्रभावकारी, दिगो र रूचिपूर्ण हुन्छ। मैले विषयवस्तु अनुसारका सामग्री प्रयोग गर्छु । यस्तो सामग्री आवश्यक छ भनेपछि विद्यालय प्रशासनले नयाँपुराना सबै सामग्री उपलब्ध गराइदिन्छ, त्यसैमाथि अहिलेको मल्टिमिडियामार्फत प्रदर्शन गर्न निकै सहज, छिटो र समयको वचत हुनुका साथै विद्यार्थीहरूको धारणा बसाल्न पनि शैक्षिक सामग्रीले निकै सजिलो हुने गरेको छ। मैले विश्वव्यापीकरणलाई जोड्न विशेष गरी प्रोजेक्टर प्रयोग गर्छु । विद्यार्थीलाई पनि त्यसमा खोजीकार्य गर्न लगाउँछु। विभिन्न विद्यार्थीबाट भिन्नभिन्न कुराको खोजी हुँदा आफूलाई पनि थप नयाँ जानकारी हुन्छ र विद्यार्थी पनि मनोरञ्जनपूर्ण वातावरणमा पढ्दै छु भन्ने भान नभईकन सिकिरहेका हुन्छन् । अहिलेका प्रविधिमा शिक्षकभन्दा विद्यार्थी बढी जान्ने हुन्छन् त्यसैले अहिलेको शिक्षण विश्वव्यापीकरण छ। (अन्तर्वार्ता, २०८०/११/२६)

यहाँ सहरीकरणको प्रभाव सिधैं शिक्षकको अभिव्यक्तिमा पाइन्छ। अहिलेको समयसँग विद्यालय , विद्यार्थी र शिक्षक सुपरिचित्र रहेको पाइयो । अबका आगामी दिनमा नेपाली भाषाले अन्य विकसित भाषा जस्तै अन्तर्राष्ट्रिय स्तरमा पनि आफ्नो बलियो प्रभाव राख्न सक्ने सम्भावना छ ।

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलाई स्थापित गर्न पाठ्यक्रम र सिकाइ सहजीकरणमा विशेष जोड दिन थालिएको छ । प्रविधिमा पनि नेपाली फन्टहरूको विकास हुनु, प्रयोग गर्न पाउनु नै विश्वव्यापीकरण हो । अहिलेको आधुनिक प्रविधिले व्यक्तिको व्यक्तित्व विकास, व्यक्तिको क्षमताको विकास, शैक्षिक विकास, संस्थागत विकास साथै आर्थिक विकास पनि भएको छ। यसै गरी ‘ग’ नामक शिक्षकले आफ्नो कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोगलाई विश्वव्यापीकरणसँग जोडेको कुरालाई यसरी बताउँछिन् ः

> विश्वमै आज सूचना तथा सञ्चार प्रविधि शिक्षाको विस्तार गर्ने साधनका रूपमा प्रमाणित भइसकेको छ। हाम्रा सबै कक्षाकोठामा स्मार्टबोर्ड छन्। सबै कक्षामा प्रोजेक्टरहरू जडान गरिएका छन्। मैले ल्यापटपमा बनाएका स्लाइडहरू प्रदर्शन गरेर शिक्षण गर्छु र विद्यार्थीहरूले खोजेर ल्याउने सामग्रीहरू पनि पेनड्राइभमा राखेर ल्याउन सिकाएकी छु, ती सामग्रीहरूलाई पनि स्मार्टबोर्डमा देखाइदिन्छु। यसरी देखाउँदा मलाई पढाउन सहज भएको छ भने आफूले खोजेर ल्याएको सामग्री कक्षामा देखाउँदा विद्यार्थी उत्साहित भएर खोजी कार्यमा जिज्ञासु पनि भएका छन् । कतिपय कार्य सामूहिक गर्न लगाउँछु जस्तै, फोटो निकाल्ने, अन्तर्वार्ताबाट राम्रा कुराहरूको सङ्कलन गर्ने र आफूले देखेका कुरा अभिव्यक्ति दिन लगाउनाले तार्किक क्षमताको पनि विकास हुने हुँदा म यसरी पनि गर्छु। मैले विषयवस्तुअनुसार आफू पनि सामग्री खोज्छु र खोज्ने तरिका पनि सिकाउँदै खोज्न लगाउँछु। यसो गर्दा नेपाली भाषामा प्रयाप्त शैक्षिक सामग्रीको प्रयोग हुन्छ र विश्वव्यापीकरणसँग सजिलै घुलमिल भएर नयाँ प्रविधिसँग परिचित हुँदै भाषिक विकास हुन्छ। (अन्तर्वार्ता, २०८०/११/२६)

नेपाली भाषामा आधुनिक प्रविधिको प्रयोगलाई शैक्षिक सामग्रीको रूपमा कक्षाकोठामा यसरी प्रयोग गरिनु गर्वको विषय भएको छ। नेपाली विषय त हो नि भनेर हेलचक्र्याइँ गर्नेहरूलाई नेपाली भाषाशिक्षकले प्रयोग गरेको शैक्षिक सामग्रीले भविष्यमा अरू विषयशिक्षकलाई पनि चुनौती दिन सक्छ।

नेपाल बहुभाषिक मुलुक हुनाले कक्षामा पनि बहुभाषिक विद्यार्थीहरू हुनु स्वाभाविक मानिन्छ । मातृभाषा नेपाली नहुने , नेपाली दोस्रो भाषा हुने नेपाली शिक्षक र विद्यार्थी दुवैलाई पनि शैक्षिक सामग्रीले शिक्षण गर्न र सिक्न निकै मदत गर्दछ । यहाँ भोजपुरी भाषी नेपाली शिक्षक 'घ' नामकले शैक्षिक सामग्रीलाई विश्वव्यापीकरणसँग जोड्न उनले दिएको अन्तर्वार्ता यस्तो रहेको छ :

> नेपाली भाषा हामी नेपालीहरूको मुख्य र ठुलो भाषा हो। यसको प्रयोग गर्ने सङ्ख्या ठुलो भए पनि हामीकहाँ बोलीचालीमा नेपाली कमै प्रयोग हुन्छ । मैले कक्षामा नेपाली भाषा पढाउँदा पाठ्यपुस्तकसँग मेल खाने पत्रपत्रिकाको प्रयोग गर्छु । व्यावहारिक सिप जस्तै, चिठी, निवेदन, शुभकामना, श्रद्धाञ्जली, विज्ञापन आदि सिकाउन पत्रपत्रिकाको मदत लिन्छु र परियोजनाकार्य गर्न पनि पत्रपत्रिका खोजेर चित्र टाँसेर ल्याउन लगाउँछु। कविता पढाउँदा मोबाइल रेकर्ड गराएर गति यति र लय मिलाएर सुनाउँछु। अन्य पाठानुसार चित्राङ्कन गरेर नाटकीकरण गरेर पढाउँछु । अहिले विज्ञान र प्रविधिको युग हुनाले जीवनीलाई ल्यापटपमा वृत्तचित्र वा जीवनीसँग सम्बन्धित भिडियो देखाउँछु । साहित्यकारहरूलाई पनि नेटबाट खोजेर चिनाइदिन्छु । मिलेसम्म म बढी भन्दा बढी स्थानीय सामग्री प्रयोग गर्छु तब कि विद्यार्थीहरूले आफ्नै भाषामा नेपालीको ज्ञान सजिलै लिन सकुन्। मिल्ने पाठहरूलाई खेलको माध्यमबाट पनि सिकाउँछु। नेपालीको कठिन शब्दलाई भोजपुरीको शब्द र चित्र देखाएर शिक्षण गर्छु। हाम्रो विद्यालयको साधन र स्रोतले भ्याएसम्म म विद्यार्थीहरूलाई विश्वव्यापीकरणसँग परिचित गराउन खोजिरहन्छु। ( अन्तर्वार्ता, २०८०/११/२५)

नेपालको भौगोलिक र बहुभाषिक अवस्थाले गर्दा विद्यालय व्यवस्थापन र शिक्षण प्रक्रियामा फरक पाउनु स्वभाविक हो । शिक्षा क्षेत्रलाई राजनीतिक प्रभाव प्रत्यक्ष पर्ने हुँदा स्थानीय निकायले कसरी सञ्चालन गरेको छ त्यसमा पनि भर पर्दछ। सहरी क्षेत्रमा र ग्रामीण क्षेत्रमा शैक्षिक सामग्री प्रयोगमा एकरुपता नभेटिए पनि विश्वव्यापीकरणलाई आत्मसात् गर्न खोजेको भेटियो ।

## ६. निष्कर्ष र प्राप्ति

नेपाली भाषा नेपालको धेरैले बोल्ने भाषा, माध्यम भाषा हुनुका साथै सरकारी कामकाजको भाषा पनि हो । नेपाली भाषा शिक्षण गर्ने शिक्षकलाई नेपाली भाषा शिक्षक भनिन्छ । नेपाली भाषा शिक्षकको पेसागत विकासका लागि प्रयोग गरिने साधन र स्रोतहरू अहिलेको समय सान्दर्भिक हुनु नै विश्वव्यापीकरण हुनु हो। आगमन पद्धतिद्वारा कक्षाकोठामा आफ्नो दक्षता प्रस्तुत गरेर विद्यार्थी र आफ्नो भाषिक सिपको उन्नयन गर्छन् भने नेपाली भाषा शिक्षकको पेसागत विकास भएको मानिन्छ। मूलतः विज्ञान र प्रविधिको विकासले सूचना र सञ्चारको माध्यमले विश्वलाई नजिकैबाट नियाल्न सकिन्छ । यस अनुसन्धानमा ग्रामीण र सहरी क्षेत्र लगायत तराईलाई पनि समेटेर अध्ययन गरिएको छ। यस अध्ययनमा चारै जना शिक्षकहरू नेपाली भाषा शिक्षणको पेसागत विकासका लागि विश्वव्यापीकरणसँग जोडिएको र विद्यार्थीलाई सहभागी बनाएको तथ्य उपलब्ध भएको छ । भनाइ र गराइमा फरक नभए अबको नेपाली भाषाले विश्वसामु आफूलाई उभ्याउन सक्छ भन्ने देखिन्छ । शिक्षक सक्रिय भएर लागी परेमा दूरदराजमा पनि आधुनिक प्रविधि प्रयोग हुन सक्छ भन्ने तथ्य 'क' नामक शिक्षकको अन्तर्वार्ताबाट प्रस्ट हुन्छ। यस्तै, शिक्षा र शिक्षणका लागि सहर भनेको सहर नै हो भन्ने तथ्य त्यहाँ प्रयोग भएका साधन र स्रोतले जनाएको छ। नेपालका मुख्य सहरमा नेपाली भाषाशिक्षणमा विश्वव्यापीकरणको प्रभाव स्तरीय भएको पाइयो। कक्षा कक्षामा प्रोजेक्टर हुनु र इन्टरनेटको प्रयोग गरेर नेपाली भाषा शिक्षण गरिनु नेपाली भाषा शिक्षण स्तरीय

बन्नु हो । तराईमा बहुभाषिक विद्यार्थी हुनाले पहिले नेपाली भाषा शिक्षण गर्न कठिन हुन्थ्यो तर अहिले प्रविधिले सहज बनाइदिएको 'घ' शिक्षकको भनाइले प्रविधिको महत्त्वपूर्ण भूमिका प्रकाश पारेको छ। अबको पाठ्यक्रम र पाठ्यपुस्तक प्रविधिमैत्री बनाउनुपर्ने युगको आवश्यकता हो । शिक्षकहरूको अन्तर्वार्तालाई अध्ययन गर्दा सबै ठाउँमा सबै शिक्षकको पहुँच नपुगे पनि जहाँ जहाँ प्रविधि पुगेको छ त्यहाँ विद्यार्थीहरूको सक्रियता बढ्नुका साथै नेपाली भाषा शिक्षकले पेसागत विकासमा आफूलाई विश्वव्यापीकरणसँग जोडिएर भाषिक सिपको विकास गरेको निष्कर्ष यस लेखबाट प्राप्त भएको छ ।

## सन्दर्भ सामग्रीसूची


उपाध्याय, मनिषा (सन् २०२२). नेपाली भाषा शिक्षण र विश्वव्यापीकरण. *जर्नल अफ दुर्गालक्ष्मी,* १. पृ. १८२–१९० ।

जोशी, कल्पना कुमारी (सन् २०२३). नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको अध्ययन. पृ. ९५–१०४ । https://www.nepjol.info/index.php/dmcrj/article.view.52139

जोशी, हेमा (सन् २०२३). विश्वव्यापीकरण र नेपाली भाषा शिक्षण. *इन्टेलेक्च्युअल जर्नल अफ एकेडेमिक रिसर्च,* १ (१). पृ. २७–३२ ।

*नेपाली*– कक्षा १० (२०७४). स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस. भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पौडेल, माधवप्रसाद (२०६९). *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू.* काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

पौडेल, राजेन्द्रप्रसाद र भट्टराई, रमेश (२०७७). *नेपालको भाषानीति र योजना आधार.* काठमाडौं : इन्टेलेक्च्युअल्ज बुक प्यालेस ।

लम्साल, हरिप्रसाद (२०६८). *शिक्षाको वित्तीय र शैक्षिक व्यवस्थापन.* काठमाडौँ : सोपान मासिक ।

*विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप* (२०७६). शिक्षामा विश्वव्यापीकरणको प्रभाव, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

*शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७३ ).* नेपाली भाषा र साहित्य शिक्षण. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।